प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष–१६ ।। अङ्क : ८१ ॥ २०८१ वैशाख १७ गते सोमबार (29th Apr 2024 Monday) | **Pratidin** National Daily | मूल्य–रु.५/–

१५ वटै पालिकामा हात्तीपाइलेको औषधि खुवाउने अभियान सुरु

झापा(प्रस)। झापा जिल्लाका १५ वटै पालिकामा आइतवारदेखि हात्तीपाइले रोगविरुद्धको आम औषधि खुवाउने अभियान शुरु भएको छ । जिल्लाका १५ वटै पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूले आआफ्ना पालिकामा आइतबार बिहान हात्तीपाइलेविरुद्धको औषधि खाएर अभियानको सुरुवात गरेका छन् ।

भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलालगायतले औषधि खाएर अभियान सुरुवात गरेका थिए । नगरमा स्वास्थ्यकर्मीहरूको टोली पहिलो चरणमा विद्यालय र दोस्रो चरणमा घरदैलोमार्फत औषधि खुवाउने कार्यक्रम रहेको छ । झापासहित सात जिल्लामा आयतवारदेखि बैशाख ३० गतेसम्म आम औषधि खुवाउने कार्यक्रम रहेको छ । झापामा विगत १३ वर्षदेखि हात्तीपाइलेको औषधि खुवाउने अभियान जारी छ । डर त्रासका कारण अधिकांशले औषधि सेवन नगर्दा जिल्लामा अभियान सफल नभएको हो ।

यस पटक अन्तिम अभियान बनाउन पालिकाका जनप्रतिनिधिसहित सरोकारवाला पक्ष सबै लागिपरेको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । गर्भवती महिला, सिकिस्त बिरामी र दुई वर्ष मुनिका बालबालिकाबाहेक जिल्लामा साढे ९ लाख जनालाई औषधि खुवाउने लक्ष्य राखिएको छ । जिल्लामा अघिल्लो वर्ष ७७.६५ ले मात्र औषधि खाएका थिए । यस पटक अभियानलाई सफल बनाउन भद्रपुर, कनकाईसहित अन्य केही पालिकाहरूले हात्तीपाइले कार्ड नै जारी गरेको छ । औषधि खाएका व्यक्तिले कार्ड लिनुपर्ने हुन्छ । कार्ड लिएर पालिकामा गए मात्र सेवा सुविधा पाउने निर्णय नै गरेको जनाएको छ ।

नगर प्रमुख प्रसाईले औषधि खाएर अभियानको शुभारम्भ

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकामा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अभियान सुरु भएको छ । नगर प्रमुख पवित्रा महतारा प्रसाईले औषधि खाएर अभियानको शुभारम्भ गरिन् ।

संक्षिप्त कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले नगरवासी सबैलाई औषधि अनिवार्य सेवन गर्न आग्रह गरिन् । उनले घरघरमा आउने स्वास्थ्यकर्मी वा पायक पर्ने केन्द्रमा पुगेर औषधि सेवन गर्न र यसबाट हुने संक्रमणबाट बच्न सबैलाई आव्हानसमेत गरेकी छन् ।

कार्यक्रममा उप प्रमुख नगेन्द्रप्रसाद संग्रौला, प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडा, कार्यपालिका सदस्यलगायत विभिन्न शाखाका कर्मचारीहरुले औषधि खाएका थिए ।

बिर्तामोडमा औषधि खुवाउने अभियानका लागि स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयंसेविका गरि १ सय ३० जना परिचालन गरिएको छ । उनीहरुले घरघरमा पुगेर औषधि खुवाउने छन् । यसैगरी बिर्तामोडका ८ वटा अस्पतालहरुमा पनि केन्द्र राखिएको छ । जसमा बिर्तामोड नगरअस्पताल, बीएण्डसी अस्पताल, मनमोहन अस्पताल, कनकाई अस्पताल, विर्तासिटी अस्पताल, मेची आँखा अस्पताल र दृष्टि आँखा अस्पताल रहेका छन् । यसैगरी इलाम बस स्टेण्ड (केयर फास्ट फार्मेसी अगाडि), शनिश्चरे बस स्टेण्ड, पश्चिम बस स्टेण्ड र भद्रपुर बस स्टेण्ड अगाडि पनि औषधि सेवन केन्द्र राखिएको नगरका स्वास्थ्य शाखा प्रमुख राजीव विष्टले जानकारी दिए । बिर्तामोड नगरपालिकामा ५ जना हात्तीपाइले रोगबाट संक्रमित छन् । हात्तीपाइले रोग नियन्त्रणका लागि औषधि खुवाउने यो अन्तिमपटकको अभियान हो । कोशी प्रदेशका १४ जिल्लामध्ये झापामा हात्तीपाइलेको समस्या छ ।

झापाका १५ वटै पालिकाको एक सय ३१ वडामा नौ लाख ६१ हजार आठ सय ६१ जनालाई बैशाख १६ देखि ३० गतेसम्ममा औषधी खुवाउने अभियान सञ्चालन गरिने स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाराकोटीले बताए ।

कोशी प्रदेशका झापाबाहेकका १३ जिल्लामा हात्तीपाइले निवारण भइसकेको छ । हाल झापामा २ सय ८० जनाभन्दा बढी रोगी पहिचान भएका छन् । 'यस वर्ष एकपटक, अन्तिमपटक' नाराका साथ सञ्चालित अभियानलाई सफल बनाउन झापामा सात सय ५० स्वास्थ्यकर्मी र छ सय छ जना स्वास्थ्य स्वयंसेविका परिचालन गरिएको छ ।

इलाम २ मा सुहाङ नेम्बाङको अग्रता कायमै

इलाम(प्रस) । इलाम क्षेत्र नम्बर- २ को उपनिर्वाचनमा नेकपा एमालेले अग्रता लिएको छ। इलाम नगरपालिका-७ स्थित गौतमबुद्ध सभागृहमा फाकफोकथुम गाउँपालिकाको १,२, ३, ४, ५ र ६ नम्बर वडाको मतगणना सकिँदा एमालेका सुहाङ नेम्बाङले ३,७८३ मत ल्याएका हुन्। उनका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार डम्बर खड्काले २,७८२ मत प्राप्त गरेका छन्। उनीहरूबीच मतान्तर १००१ रहेको छ। यसैगरी स्वतन्त्र उम्मेदवार डकेन्द्र सिंह थेगिमले ७८४ मत,राष्ट्रिय स्वतन्त्र पार्टीका मिलन लिम्बूले ५७० मत प्राप्त गरेका छन्।

फाकफोकथुम गाउँपालिका सकिएपछि क्रमशः चुलाचुली र माङसेबुङ गाउँपालिका, माई, देउमाई र इलाम नगरपालिकाको मतपत्र गणना गरिने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

शनिबार भएको मतदानमा ६९ हजार दुई सय ८७ जनाले मतदान गरेका थिए। मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार ३५ हजार एक सय ३५ पुरुष, ३४ हजार एक सय ५० महिला र दुई अन्यले मतदान गरेका छन्। २०७९ मंसिर ४ को प्रतिनिधिसभा निर्वाचनमा इलाम-२ बाट निर्वाचित नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको निधन भएपछि रिक्त सो निर्वाचन क्षेत्रमा उपनिर्वाचन भएको हो। त्यस्तै प्रदेश सभाको बझाङ-१ (१) को मतगणनामा एमालेको अग्रता कायमै रहेको छ। एमालेका दमनबहादुर भण्डारीले ३ हजार १८५ मतसहित अग्रता बनाइरहेका छन्। नेपाली

❖ बाँकी अन्तिम पृष्ठमा

मनराम प्रतिष्ठानद्वारा शैक्षिक सामग्री वितरण

झापा(प्रस)।मनराम ग्रुपअन्तर्गत लायन्स मनराम प्रतिष्ठान २००५ ले बिर्तामोड १० स्थित महेन्द्रज्योति माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरेको छ । विद्यालयमा अध्ययनरत कक्षा १ देखि १२ सम्मका करिव ४ सय विद्यार्थीहरुलाई प्रतिष्ठानले शैक्षिक सामग्री वितरण गरेको हो । २ हजार ४०६ थान कपी , १ हजार २१० थान बलपेन,४२० थान पेन्सिल, १६८ थान इरेजर र १६८ थान सार्पनर वितरण गरिएको प्रतिष्ठानका संस्थापक उपाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले बताए । उनले एक लाख भन्दा बढी मूल्यको शैक्षिक सामग्री वितरण गरिएको जानकारी दिए । लायन्स मनराम प्रतिष्ठानले शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको छ । प्रतिष्ठानले देशको ७७ वटै जिल्लाका १५४ वटा विद्यालयमा पुस्तकालय स्थापनामा सहयोग गरेको प्रतिष्ठानका महासचिव रामप्रसाद घिमिरेले बताए । खासगरी प्रतिष्ठानले इलाम , पाँचथर, ताप्लेजुङ र संखुवासभाको शैक्षिक क्षेत्रमा सहयोग गर्दै आएको महासचिव घिमिरेले जानकारी दिए । मनराम ग्रुपले बिर्तामोड १० मा छुर्पी प्रशोधन केन्द्र संचालन गरेको छ । त्यहाँ उत्पादित छुर्पी अमेरिका निर्यात हुने गरेको छ । वार्षिक १० लाख केजी छुर्पी अमेरिका पठाउने गरिएको प्रतिष्ठानका संस्थापक उपाध्यक्ष श्रेष्ठले जानकारी दिए । तीन वर्षअघि स्थापित छुर्पी प्रशोधन केन्द्र १७ विगाहमा फैलिएको छ । त्यहाँ ३ सय जनाले रोजगारी पाएका छन् । बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रमुख अतिथि संग्रौला ,प्रतिष्ठानका संस्थापक उपाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठ , महासचिव रामप्रसाद घिमिरेलगायतले बोलेका थिए ।

बिर्तामोड १० का वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्योधन गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रधानाध्यापक जयकुमार झाले गरेका थिए । कार्यक्रमको संचालन सहायक प्रधानाध्यापक भवानी शिवाकोटीले गरेका थिए ।

अटोमा अचानक आगलागी हुँदा चालक घाइते

झापा(प्रस)। झापाको बाह्रदशी १ भागडुब्बामा अटोमा अचानक आगलागी हुँदा चालक घाइते भएका छन् । राजगढबाट नयाँबस्तीतर्फ जाँदै गरेको प्र १-०१-००२ ह ८७१ नं को अटोमा आइतवार दिउँसो ३.३० बजेतिर अचानक आगलागी भएको हो । अगाडिको चक्काको पत्ती भाच्चिएर चालक आफैले मर्मत गर्नेक्रममा तार सर्ट हुँदा अटोमा आगलागी भएको बताइएको छ ।आगलागीबाट दमक ४ घर भई बाह्रदशी ३ राजगढमा बस्दै आएका अटोचालक ५५ वर्षीय गोपाल थापा घाइते भएका छन् । हात जलेका उनलाई राजगढ पोलिक्लिनिकमा उपचार गरिएको इलाका प्रहरी कार्यालय राजगढले जनाएको छ । आगलागीबाट अटो क्षतिग्रस्त भएको छ ।

ऋषिकेश
Hair Oil
३५ जडिबुटीयुक्त
- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free no side effects
100% Natural
Price Rs. 1500/-

Saptashree Ayurvedic Pvt. Ltd.
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समयः दैनिक सेवा

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः दैनिक सेवा

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समयः प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समयः प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
जिवनरक्षा पोलिक्लिनिक
एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

दुईवटा सुरक्षा निकायसहित तीन संस्थालाई सम्मान

• लक्ष्मी उप्रेती

मेचीनगर । सीमानाकामा रहेर मानव बेचबिखन नियन्त्रण तथा रोकथाममा उल्लेखनीय भूमिका निर्वाह गरेको भन्दै इलाका प्रहरी कार्यालय काँकरभिट्टा , सशस्त्र प्रहरी बल नेपालको प्रस्तावित सीमा सुरक्षा गुल्म काँकरभिट्टा र साना हातहरु नामक संस्थालाई सम्मान गरिएको छ ।

मानव बेचबिखन र लैङ्गिक हिंसाको अन्त्यको अभियान भन्ने मुल नारासहित गैरसरकारी संस्था आफन्त नेपालले परियोजना समीक्षा कार्यक्रमको अवसरमा दुईवटा सुरक्षा निकायसहित तीनवटा संस्थालाई सम्मान गरेको हो । कार्यक्रमकी प्रमुख अतिथि मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेतीले इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायव उपरीक्षक मीमबहादुर लामा, सशस्त्र प्रहरी बल नेपाल, प्रस्तावित सीमा सुरक्षा गुल्म काँकरभिट्टाका प्रमुख सशस्त्र प्रहरी नायव उपरीक्षक राजनलाल श्रेष्ठ र साना हातहरु संस्थाका रमेश गुरुङलाई सम्मानपत्र प्रदान गरेकी थिइन् । संस्थाका अध्यक्ष एवम् क्षेत्रीय व्यवस्थापक उषा गुरुङको सभापतित्वमा भएको कार्यक्रममा मानव बेचबिखन र लैङ्गिक हिंसामा परेका र हिंसाको उच्च जोखिममा रहेका महिला तथा बालबालिकाहरुको उद्धार, पुनःस्थापना कार्यको लागि समन्वय र सहकार्यको निम्ति अहम् भूमिका निर्वाह गरेको भन्दै सम्मानपत्र प्रदान गरिएको हो । संस्थाका काँकरभिट्टा शाखा प्रमुख मातृका गुरुङ(सरोज)ले संस्थाले सन् २०२२ र २०२३ मा गरेका वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।सन् २०२२ मा संस्थाले काँकरभिट्टा नाकामा ३ हजार १ सय ४५ र सन् २०२३ मा ६ हजार ३ सय ८३ जनालाई सूचना सम्प्रेषण गरेको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी, क्रमशः १ हजार २ सय ९ र १ हजार ७ सय २३ जनालाई परामर्श सेवा, १ सय १६ र १ सय २५ जनालाई उद्धार तथा अवरोध, ८९ र १ सय २१ जनालाई प्रहरीको सहयोगमा घटना व्यवस्थापन, ४५ र ९४ जनालाई आपतकालीन आवास गृह सेवा प्रदान, १ सय ९ र १ सय ११ जनालाई पारिवारिक पुनःमिलन, ३/३ जनालाई कानूनी सहायता र ७ र १३ जनालाई सेफ होममा राखेको प्रतिवेदनमा उल्लेख छ ।

शाखा प्रमुख गुरुङले प्रस्तुत गरेको दुई वर्षको प्रतिवेदनमा विभिन्न सीपमुलक तालिमका लागि २० जनालाई पुनःस्थापना केन्द्रमा सिफारिस गरेको उल्लेख छ । संस्थाका कर्मचारी कृतिका थामीले स्वागतसहित आफ्नो विगत र वर्तमान प्रस्तुत गर्दै अहिले आफ्नो लागि आफन्त नेपाल साँच्चैको आफन्त भएको स्पष्ट पारिन् ।संस्थाका कर्मचारी सीता अधिकारीले सञ्चालन गरेको कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरुले मानव बेचबिखन नियन्त्रणमा कसैको पनि एक्लो प्रयास सफल नहुने भन्दै सवैको भूमिका उत्तिकै आवश्यक पर्ने बताएका थिए । यसका लागि हरेकले एकआपसमा हातेमालो गरेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याएका थिए । विगतको तुलनामा नेपालको सामाजिक तथा राजनीतिक स्वरूपमा परिवर्तन र सुधार आए पनि मानव बेचबिखन तथा ओसारपसारका प्रवृत्ति र समस्यामा भने कमी नआएको बोल्ने वक्ताहरुले टिप्पणी गरेका थिए । कमजोर आर्थिक अवस्था, जानकारीको अभाव, बेरोजगारी, घरेलु हिंसा, पारिवारिक संरक्षणको अभाव हुनु मात्र बेचबिखनका कारण नभई भड्किलो जीवनशैली वा विलासिताको चाहना हुनु तथा कम मेहनतमा धेरै धन कमाउने आकांक्षाले पनि मानिसहरू विभिन्न जोखिममा पर्दै आएको प्रमुख अतिथि उपप्रमुख उप्रेतीले बताइन् । कार्यक्रममा इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख, प्रहरी नायव उपरीक्षक मीमबहादुर लामा, माइती नेपालका गोविन्द घिमिरे, साना हातहरुका रमेश गुरुङलगायतले बोलेका थिए ।

लागूऔषधसहित बाह्रदशीका आलम पक्राउ

झापा(प्रस) ।प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित बाह्रदशीका एक व्यक्ति पक्राउ परेका छन् ।

शनिवार दिउँसो २.३० बजेको समयमा बिशेष सूचनाको आधारमा झापा गाउँपालिका वडा नम्बर ५ पन्थापडास्थित हुलाकी राजमार्गमा भारतबाट नेपालतर्फ आउँदै गरेको मे १० प ५६४२ नम्बरको मोटरसाईकललाई शंका लागेर चेकजाँच गर्दा मोटरसाइकल चालक बाह्रदशी गाउँपालिका वडा नम्बर ४ चकचकी बस्ने बर्ष ३२ का जफिर आलमको साथबाट प्लाष्टिकसहित १९ ग्राम २२० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

नगद ११ हजारसमेत फेला पारी मोटरसाइकलसहित चालक आलमलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

विमालेख हरायो

निम्न व्यहोराको एल.आई. सि. नेपाल लि. को २०००१६१० नम्बरको पोलिसि पेपर बिर्तामोड बाट चन्द्रगढी जाने क्रममा २०८०/१२/०५ गते हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गर्दिनुहोला ।

नाम :- विष्णुमाया दंगाल
ठेगाना: साविक खुदुनाबारी ४,
हाल अर्जुनधारा १, झापा
सम्पर्क: ९७०६९३४११०

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

१५ दिने सूचना

सधियार दक्षिणः श्री विष्णु ढकाल को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री इन्दिरा मैनालीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जमिन मिति
बिर्तामोड नपा-४	१७९ ०१६०	७०४	१७७.५५	२०८०/०९/०१	२०८०/०९/०१	२०८०/११/०६

गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउनः

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हल्दिबारीका १२ परिवारलाई निःशुल्क बिमा

हल्दिवारी(प्रस) । हल्दिबारी गाउँपालिकाले विपन्न आवासमा बसोवास गर्ने १२ घरपरिवारलाई निःशुल्क स्वास्थ्य बिमा गरिदिएको छ।

हल्दिबारी गाउँपालिकामा भएका अति विपन्न नागरिकहरुको छनोट गरेर विपन्न आवासमा बस्ने परिवारका ५० जनाको स्वास्थ्य बिमा गरि शनिवार बिमा कार्ड वितरण गरिएको हो। उनीहरूको बिमावापत गाउँपालिकाले ४४ हजार ८ सय रुपैयाँ खर्च गरेको छ।

विपन्न नागरिकहरुले सर्वसुलभ रूपमा स्वास्थ्य सेवा लिन सकून् भनेर यो कार्यक्रम संचालन गरिएको अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनले बताए। १२परिवारको बसोबास रहेको आवास क्षेत्रमा शौचालय, विद्युत,खानेपानीलगायतका अत्यावश्यक सेवा सुरूवातबाटै उपलब्ध गराइएको छ भने विद्यार्थीहरुका लागि नजिकै विद्यालय तथा गाउँपालिकाको आधारभूत अस्पताल पनि रहेको छ।

कार्यक्रममा हल्दिबारी गाउँपालिका उपाध्यक्ष लक्ष्मीदेवी मैनाली, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू,वडा सदस्यहरू, स्वास्थ्यकर्मीलगायतको उपस्थिति रहेको थियो।

इलाम...

कांग्रेसका अभिषेकबहादुर सिंहले २ हजार ५७० मतसहित पछ्याइरहेका छन्। तेस्रो स्थानमा रहेको माओवादीका उम्मेदवार जनकबहादुर बुढाको १ हजार ८३८ मत रहेको छ। छबिसपाथिभेरा गाउँपालिकाको सबै वडाको मतगणना सकेर थलरा गाउँपालिका एउटा वडा र खप्तड छान्ना गाउँपालिकाको पाँच वटा वडाको मतगणना सकिएको छ। नेपाली कांग्रेसको राम्रो पकड रहेको खप्तडछान्नामा वडा नम्बर १ देखि ५ सम्म मतगणना गर्दा एमालेभन्दा कांग्रेस १ सय ७३ मतले मात्र अघि रहेको देखिएको छ।

एकीकृत समाजवादीका दिलबहादुर सिंहले १ हजार १९ मत ल्याएका छन्। यो समाचार तयार पार्दासम्म बझाङमा अझै जयपृथ्वी नगरपालिकासहित सुर्मा, साइपाल, मष्टा, तल्कोट गाउँपालिकामा मतगणना हुन बाँकी छ। बझाङ सदरमुकाम चैनपुरस्थित जिल्ला अदालतमा आइतवार दिउँसो २ बजेबाट सुरु भएको मतगणना दुई ठाउँबाट तीव्र रुपमा भइरहेको छ।

धनकुटाका...

नियन्त्रणमा आएको थियो ।

यस्तै, धनकुटा ३ स्थित वडहरे सामुदायिक वनमा शनिबार डढेलोले क्षति पुर्‍याएको छ । शनिबार बिहान ९ बजेतिर लागेको डढेलो निभाउन भीमदल गण सल्लेरी ब्यारेकबाट १५, सशस्त्र प्रहरी बल नेपाल नं.६ गुल्मबाट १० र नेपाल प्रहरीका ११ सहित उल्लेख्य संख्यामा स्थानीयवासी खटिएका थिए । दुई घण्टापछि आगो नियन्त्रणमा आएको प्रहरीले जनाएको छ। चौबिसे गाउँपालिका-२ स्थित जंगा सामुदायिक वनमा लागेको डढेलोले खानेपानी आयोजनाको पाइपमा क्षति पुर्‍याएको छ । स्थानीय नम्खुवा खोला तीन दोभाने सिंचाई आयोजनाको १ सय ८० मीटर पाइपमा क्षति पुग्दा खानेपानी वितरण प्रभावित बनेको जनाइएको छ । घटनामा करिब एक लाख २० हजार बराबरको क्षति पुगेको प्रहरीको भनाइ छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, संखुवासभा जिल्ला, मादी विर्ता गा.वि.स वार्ड नं.-०६ स्थायी ठेगाना भई झापा जिल्ला कचनकवल गाउँपालिका वार्ड नं.-०६ बनियानी बस्नुहुने, श्री दाताराम दाहालका नाति, श्री अनन्त प्रसाद दाहालका छोरा, श्री पशुपती दाहालको मिति २०८०/१२/०३ गते मृत्यु भएकाले निजको नाममा यस बैंकको शाखा कार्यालय बनियानीमा रहेको वचत खाता नं. 02210100090783000001 मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी बुहारीले मिति २०८०/०१/१० मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, बनियानी
फोन नं. ९८०२३१२३२२

हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ। यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

हात्तीपाइले रोगका लक्षणहरू

- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स–साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।

सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौं ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौं ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौं । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौं ।

डिभिजन वन कार्यालय, झापा सम्पर्क:
०२३४५२०५३, ९८५२६५५१८९

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

लगानीलाई प्रोत्साहन

देशको आर्थिक अवस्थाको सुधार चाहिएको छ । त्यो सुधार भनेको मुलुकमा राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीको वृद्धिले हुने हो। तर स्वदेशकै लगानीकर्ता पनि छटपटीमा छन्। उनीहरू लगानीका लागि अनेक झमेला सामना गरिरहेका छन्।

एक त सत्तामा भइरहेको अस्थिरताले वाक्क बनाएको छ, त्यसमाथि कानुनी अल्झन् र बल्झन उत्तिकै छन्। यसबीचमै केही समयपछि सरकार लगानी सम्मेलन गर्ने भनेर तातेको पनि छ। हो, त्यसका लागि पनि नेपालको कानुनी प्रक्रिया झन्झटिलो छैन भन्ने सन्देश विदेशी लगानीकर्तालाई दिनु आवश्यक छ र व्यवहारमा पनि सोहीबमोजिम सहजपना हुन जरुरी छ। सरकारले केही नेपाल ऐन संशोधनको अध्यादेशै ल्याएको छ। त्यसबाट उद्यम व्यवसायका लागि सहज हुने कानुनी प्रबन्ध मिलाउने गरी विशेष आर्थिक क्षेत्र, वन, निकुञ्ज र भूमिसम्बन्धी ऐनहरूमा संशोधन भएको छ। उद्योग खोल्नेका लागि आवश्यक जमिनमा हदबन्दीका कुरामा सरकारले लचिलोपन ल्याएको छ। जुन स्वागतयोग्य छ। राष्ट्रिय निकुञ्जभित्रै कुनै बेला भव्य रिसोर्टहरू थिए। पछि ती बन्द गरिए। आवश्यकता हेरी र वन्यजन्तु तथा वातावरणलाई क्षति नपुर्याउने गरी निकुञ्जभित्र गतिविधि गर्न दिने कुरा मनासिव छ।

वनसम्बन्धी कानुनले नेपालको विकास निर्माणमा धेरै अवरोध गरेको छ। वनमा भएको खानी उत्खनन गर्न वातावरणलाई असर नगरी सम्भवै छैन। तर अहिले पनि सरकारले वातावरणलाई असर नपर्ने भएमा अनुमति दिने शैलीकै संशोधन गरेको छ, जुन खासमा उपलब्धिमूलक मान्न सकिन्न। वातावरणको कम क्षति गर्ने वा एक ठाउँको क्षतिपूर्ति अर्को ठाउँमा गर्ने व्यवस्था गरिनुपर्छ। तर वन तथा वातावरणमा कत्ति असर नगरी काम गर्ने भन्नु भनेको कामै नगर्नू भन्नु सरह नै हो।

कम्प्युटर तथा सफ्टवेयरसम्बन्धी कामका लागि विदेशमा शाखा खोल्ने नेपालमा विदेशी मुद्रा भित्र्याउने भन्नेसम्बन्धी व्यवस्थाले पछिल्लो समय सूचना प्रविधि सेवामा भइरहेको निर्यातलाई पक्कै वृद्धि गर्नेछ। नवप्रवर्तनका लागि पनि सरकारले केही सहज व्यवस्था गरेको छ। तर सरकारले अहिले गरेको संशोधन र कानुनी व्यवस्था अझै पर्याप्त छैन। विदेशी वा स्वदेशी लगानीकर्तालाई सरकार सेवा अत्यन्तै सहजै उपलब्ध गराउने किसिमको व्यवस्था आवश्यक छ। र, लगानी गर्ने ठाउँमा पनि कुनै खालको वाधा अवरोध नहुने सुनिश्चितता प्रदान गरिनुपर्छ। तबमात्रै लगानीकर्ता प्रोत्साहित हुन्छन्।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

सिकाइमा आमूल परिवर्तन

• हरि ज्ञवाली

यतिबेला मुलुकभरि 'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने नाराका साथ विद्यार्थी भर्ना अभियान-२०८१ चलिरहेको छ । वैशाख २ गतेदेखि २० गतेसम्मको विद्यार्थी भर्ना अभियानमा बालबालिकालाई विद्यालय पठाउन आह्वान गर्दै र कामको जिम्मेवारी निर्धारणसहित कार्ययोजनासमेत बनाइएको छ । विगतमा पनि यस्तै अभियानसहित तमाम कार्ययोजना, कार्यनीति र लक्ष्य निर्धारण गरिएका थिए । विगतदेखिका भर्ना अभियानको कार्यान्ययन पक्ष, प्रभावकारिता र परिणामबारेमा भने गम्भीर समीक्षा गर्नुपर्ने अवस्था छ ।

नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको मात्रै छैन, निःशुल्क र अनिवार्य शिक्षालाई राज्यको आधारभूत दायित्वको रूपमा किटानी गरेको छ । यसको अर्थ सबै बालबालिकालाई विद्यालयसम्म पुऱ्याउनु र उनीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु राज्यको जिम्मेवारी हो । सोही अनुसार विसं २०८५ सम्म सबै नागरिकलाई साक्षर बनाउने उद्देश्यका साथ कक्षा ८ सम्म सबै बालबालिकाले पढेकै हुनुपर्ने अनिवार्य शिक्षासम्बन्धी ऐनले परिकल्पनासमेत गरेको छ । विद्यालय शिक्षा स्थानीय तहको दायित्वमा परेपछि विद्यार्थी भर्नालगायत विद्यालय शिक्षा कस्तो बनाउने भन्ने जिम्मेवारी स्थानीय तहको समेत काँधमा आएको छ । हालसम्म सङ्घीय र स्थानीय सरकारले गरेका गतिविधि, परिणाम र प्रभावकारिता भने लक्ष्य अनुरूप सन्तोषजनक देखिँदैन ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको २०८० को तथ्याङ्क अनुसार अझै पनि ५ देखि १२ वर्षसम्मका ३.९ प्रतिशत बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर छन् भने भर्ना भएकाको पनि स्कुल छाड्ने दर उच्च छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रको विगत तीन शैक्षिक वर्षको तथ्याङ्क विश्लेषण गर्दा आधारभूत तहमा (कक्षा १ देखि ८ सम्म) कुल विद्यार्थी भर्ना सङ्ख्या बर्सेनि घट्दो छ ।

महालेखा परीक्षकको ६० औँ प्रतिवेदन अनुसार २०७८ मा भर्ना भएका विद्यार्थीमध्ये २७.२० प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका छन् । शैक्षिक वर्ष २०७४ को तुलनामा २०७८ मा कुल विद्यार्थी सङ्ख्या ८.७७ प्रतिशतले घटेको छ । जस अनुसार सामुदायिक विद्यालयमा २०.३१ प्रतिशतले विद्यार्थी भर्ना घटेको पाइएको छ । यस्तै संस्थागत विद्यालयमा भने ४७.५५ प्रतिशतले विद्यार्थी भर्ना बढेको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नहुँदा विद्यार्थी भर्ना निरन्तर ओरालो लागेको छ ।

हाले प्रकाशित यो तथ्याङ्क अझ चिन्ताजनक देखिन्छ । शैक्षिक सत्र २०७१ मा कक्षा १ मा ११ लाख ३६ हजार विद्यार्थी भर्ना भएका थिए । उनीहरू यसपालि गत चैतमा सञ्चालित एसइईसम्म आइपुग्दा घटेर पाँच लाख हाराहारीमा मात्र देखिए । अर्थात् १० वर्षअघि २०७१ सालमा कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये ४४ प्रतिशत मात्रै यसपालिको एसइईमा सहभागी भए । कक्षा १ देखि १० सम्म आइपुग्दा छ लाख ३५ हजार विद्यार्थी अर्थात् ५६ प्रतिशत विद्यार्थीले बिचैमा कक्षा छाडेको पाइएको छ । यो तथ्यले सरकारको विद्यार्थी भर्ना अभियानको प्रभावकारिता, विद्यार्थीलाई विद्यालयमा टिकाउने प्रतिबद्धता र गुणस्तरीय शिक्षाको नारामाथि समेत प्रश्न उठाएको छ ।

सरकारको अर्को तथ्याङ्क अनुसार विद्यालय भर्ना भएकामध्ये करिब ३३ प्रतिशत विद्यार्थी मात्र १२ कक्षासम्म पुगेको देखाउँछ । बाँकी ६७ प्रतिशत विद्यार्थी बिचैमा हराउँछन् । बल्लबल्ल १२ सम्म पुगेका ३३ प्रतिशतमध्ये पनि ५२ प्रतिशत अनुत्तीर्ण भई उच्च शिक्षा अध्ययनबाट वञ्चित हुनु परेको अवस्था छ ।

विद्यालय तहमा भर्ना भएका मध्ये १३ प्रतिशतले मात्र विश्वविद्यालय तहमा प्रवेश पाएको सरकारी आँकडा छ । बाँकी बिचैमा छाड्ने, असफल हुने र विदेशतर्फ पलायन हुने गरेको देखिन्छ । हाम्रा शिक्षालय विद्यार्थी टिकाउने सवालमा किन निरन्तर असफल भइरहेका छन् ? अब सूक्ष्म ढङ्गले समीक्षा हुनुपर्ने देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा पाँच वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल दुई करोड ६६ लाख ७५ हजार ९७५ जनसङ्ख्यामा दुई करोड तीन लाख ४१ हजार ६२३ जना पढ्न र लेख्न दुवै जान्ने देखाएको छ । यस अनुसार देशको समग्र साक्षरता दर ७६.२ प्रतिशत कायम हुन्छ । पुरुषको साक्षरता दर ८३.६ प्रतिशत रहेको छ र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ ।

सरकारले २०८५ सम्म सबै नागरिकलाई साक्षर बनाउने उद्देश्य राखेको छ । सो पूरा गर्न विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई समेट्नु र स्कुल छाड्ने दरलाई न्यून पार्नु जरुरी छ । यसप्रति सरकार र राजनीतिक दल गम्भीर बन्नु पर्छ ।

त्यसो त, सबैजसो दलहरूले आफ्ना चुनावी घोषणापत्रमा शिक्षा क्षेत्रलाई बढी प्राथमिकता दिने उल्लेख गरेका छन् । दलहरूले आआफ्ना चुनावी घोषणापत्रमा शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत छुट्याउने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् । हालसम्म शिक्षा क्षेत्रको औसत बजेट १२ प्रतिशतभन्दा बढ्न सकेको देखिँदैन । हालसम्म कुनै पनि सरकारले चुनावी घोषणापत्र अनुसार शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्न सकेका छैनन् । यथेष्ट बजेट विनियोजन हुन नसक्दा पनि शिक्षा क्षेत्रमा अपेक्षित सुधार हुन नसकेको यथार्थ हो ।

अहिले देशैभर धेरैजसो सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर निरन्तर खस्कँदो अवस्थामा छ । भौतिक पूर्वाधारमा सामुदायिक विद्यालयहरूमा केही सुधार भए पनि धेरै विद्यालयमा शिक्षक दरबन्दीको अभाव छ । निरन्तर निरीक्षण र अनुगमन भइरहेको छैन । राजनीतिक खिचातानी, चलखेल र हस्तक्षेप बढ्दो छ । तालिमप्राप्त शिक्षकले समेत शिक्षण सिकाइ प्रक्रिलाई कक्षाकोठामा प्रयोग गरिरहेका छैनन् । फलस्वरूप ती विद्यालयहरूमा शिक्षण सिकाइ प्रभावकारी र परिणाममुखी बन्न सकेको छैन । सार्वजनिक विद्यालय नसुध्रिएसम्म देशको समग्र शैक्षिक स्तर माथि उठ्न सक्दैन भन्ने कुरा सबैले मनन गर्नै पर्छ ।

नेपालको वर्तमान शिक्षा प्रणाली गुणस्तरयुक्त र प्रक्रियामुखी बन्नुपर्नेमा फगत परम्परागत र प्रचारमुखी बनिरहेको छ । शिक्षालयहरू जीवनउपयोगी सिप सिकाउनुभन्दा बेरोजगार उत्पादन गर्ने केन्द्र जस्तै बनिरहेका छन् । स्नातक तह उत्तीर्ण गरिसक्दासमेत आफ्नो जीवनयापनका लागि आवश्यक सिप र क्षमताको विकास हुन नसक्दा शिक्षित व्यक्तिमा पनि शिक्षाप्रति वितृष्णा र नकारात्मक सोच पलाइरहेको छ । स्वदेश र आफ्नालाई माया गर्नुपर्नेमा विदेश र अरूलाई प्यारो देख्ने प्रवृत्ति बढ्दो छ । शिक्षित व्यक्तिले समेत जीवनयापनको अवसर नपाउँदा विदेश पलायन हुने क्रम दिनानुदिन बढिरहेको छ । यसलाई रोक्न शिक्षालाई सार्थक रूपमा जीवन र जगतसँग जोड्ने युगान्तकारी पहल गरिनु अत्यावश्यक छ ।

शिक्षा राष्ट्रनिर्माण गर्ने कालिगड उत्पादन गर्ने प्रक्रिया हो । शिक्षाले नै हरेक नागरिकलाई देशमा बन्ने नीति र तिनका असरबारे बुझ्न र आउने परिणामबारे आकलन गर्न सक्ने क्षमताको अभिवृद्धि गराउँछ । शिक्षणलाई साँचो अर्थमा सफल बनाएमा मात्र व्यक्ति, परिवार र समाजको रूपान्तरण तथा राष्ट्रनिर्माणको अभियान सफल हुन सक्छ । हाम्रा शिक्षालय किन बेरोजगारी उत्पादन गर्ने कारखाना जस्तै बनिरहेका छन् ? स्नातकोत्तर पास गरिसक्दा पनि जीवनको लक्ष्य निर्धारण हुन नसक्दा विदेश नै गएर जस्तोसुकै काम गर्न पनि पछि नपर्ने अवस्थामा नेपाली युवा किन पुगे ? हाम्रो राष्ट्रिय आवश्यकता अनुसारका शैक्षिक जनशक्ति उत्पादनमा पर्याप्त ध्यान किन पुग्न सकिरहेको छैन ? सम्बन्धित निकायले गम्भीर भएर सोच्नु र तदनुरूपको पहल गर्नै पर्छ ।

यस पटकको भर्ना अभियानको नाराले विद्यालयमा बालबालिकाको सहभागिता बढाउने र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ । सबै विद्यार्थीलाई विद्यालयको पहुँचमा ल्याउने कुरा जटिल छ तर असम्भव भने छैन । विद्यार्थीलाई विद्यालयमा टिकाउने र गुणस्तरीय शिक्षा प्राप्तिका लागि शिक्षण सिकाइमा आमूल परिवर्तन ल्याउनु जरुरी छ । गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता भए मात्र सरकारले राखेको लक्ष्य पूरा हुन सक्छ । भर्ना अभियानलाई कर्मकाण्डी प्रक्रिया मात्र नबनाई यसको सार्थकता र प्रभावकारिता बढाउँदै परिणाममुखी बनाउनु आजको आवश्यकता हो । यसका लागि सरकार, नीतिर्मिाता, राजनीतिक दल, सङ्घ संस्था र सामाजिक अगुवाहरू एकीकृत रूपमा नै गम्भीर चिन्तनका साथ सक्रिय हुनु आवश्यक छ ।

विदेशी लगानी सपना

• पुण्यप्रसाद भट्टराई

विश्व अहिले आकाशतिर फर्किएका 'स्काई क्रापर' हरूको होडबाजीमा छ । सरकारले बनाउने यस्ता घर न्यून छन् । उत्पादनमूलक उद्योग र सेवा क्षेत्रका लागि औद्योगिक र व्यापारिक स्थल, त्यसका लागि आवश्यक जनशक्तिको बासस्थानका लागि त्यस्ता घरले निजी क्षेत्रको लगानी आकाङ्क्षालाई एकत्रित गरिरहेका छन् । जहाँ लचिलो र सस्तो श्रम छ, जहाँ पूर्वाधार सहजता छ, यातायात खर्च वा लजिस्टिक लागत कम छ, बजार पहुँचसँगै शासकीय सहजता छ त्यहाँ लगानी थुप्रिने गरेका छन् । पछिल्लो समयमा विकासको मार्ग समातेका राष्ट्रहरूमा वैदेशिक लगानीको खोलो बगेको छ । भियतनाम जस्तो भर्खर उकालो लाग्दै गरेको देशमा विश्वचर्चित ब्राण्डहरू लगानीका लागि लाइनमा छन् । जापान, अस्ट्रेलिया जस्ता विकसित देशको कुरा छाडौँ, चीन जस्तो विकासशील देशका सहरमा करिब पाँच मिनेटको पैदल हिँडाइपछि स्टारबक्स कफी, म्याकडोनाल्डस, केएफसी, सेभेन इलेभेन जस्ता स्टोर दोहोरिरहन्छन्, यी लगानीकर्ताले सर्वप्रथम हेर्ने अनुकूलताका विम्ब हुन् । विश्व प्रसिद्ध अटोमोबाइल्स, स्मार्टफोन जस्ता उत्पादन चीनमा अन्यत्रभन्दा ठुलो आयातनमा हुने गरेका छन् ।

नेपालले दिगो विकास लक्ष्य प्राप्त गर्न अपुग ठुलो रकमको खाडल पुर्न तथा पन्ध्रौँ योजनासँगै राखिएको विसं २०२१ को समृद्ध मुलुकको सपना पूरा गर्न ठुलो लगानीको आशा बाहिरी विश्वबाट गरेको छ । नेपालले आफ्नो आन्तरिक बचतको ठुलो हिस्सालाई उपयोग गर्दा पनि अपेक्षित लगानीको सानो हिस्सा मात्र पूरा गर्न सक्ने देखिन्न । यसका साथै अर्थशास्त्रीहरूले क्राउडिङ आउटको जोखिम पनि उत्तिकै देखाउँछन् । समय समयमा भएका लगानी सम्मेलन, अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको आह्वान्, बिप्पा, डिटिए जस्ता सम्झौताले नेपाललाई लगानीका लागि पर्यावरणीय अनुकूलन गर्न खोजिएको देखिन्छ । यद्यपि नेपालले अपेक्षा गरे अनुरूपको लगानी भने भित्र्याउन सकेको छैन । लगानी सम्मेलनमा नै गरिएका प्रतिबद्धतासमेत यथार्थमा प्राप्त गर्न सकिएको छैन ।

संयुक्त राष्ट्रसङ्घको विश्व लगानी प्रतिवेदन २०२३ अनुसार पछिल्लो समय विश्वमा नै वैदेशिक लगानी घट्दो छ । हाल वार्षिक चार ट्रिलियन डलरको हाराहारीमा कम भएको छ । सन् २०१५ मा यो आँकडा न्यून थियो । पछिल्लो समय कोभिडलगायतका विश्वव्यापी समस्याले लगानीका क्षेत्र र लगानी रकम सङ्कुचन भएका छन् । यस्तो कमीले नेपाल जस्तो अल्पविकसित र विकासशील मुलुकलाई असर गर्ने छ । त्यति मात्र होइन, नेपाल जस्तो भौगोलिक रूपमा असहज, लागत वृद्धि र बजार पहुँचमा टाढा भएको देशलाई धेरै असर गर्ने छ ।

विश्व बैङ्कको पछिल्लो तथ्याङ्क अनुसार दक्षिण एसियामा आउने लगानी रकम विश्वको करिब २० प्रतिशत देखिन्छ भने नेपालमा त्यसको ०.३ प्रतिशत जति मात्र आउने गर्छ । त्यो अत्यन्त नगन्य हो । चीन, भारतका तुलनामा त धेरै नै न्यून हो भने बङ्गलादेश, श्रीलङ्काको तुलनामा पनि निकै कम हो । यसको अर्थ नेपालले लगानीका सम्बन्धमा धेरै नै शासकीय तथा अन्य पूर्वाधारको व्यवस्था गर्न आवश्यक देखिन्छ । वैदेशिक लगानीका क्षेत्रमा रहेका कमीकमजोरीका सन्दर्भमा नेपाल राष्ट्रबैङ्क, सावती जस्ता संस्थाले निकै अध्ययन तथ्य समय समयमा पेस गर्ने गरेका छन् । सावतीले सन् २०१३ तिर गरेको एक शोधमा नेपालमा पूर्वाधार, विद्युत् सप्लाइ, शासकीय पक्ष जस्ता विषयलाई समस्याको रूपमा औँल्याएका थिए । त्यसताका लोडसेडिङ र श्रम आन्दोलन जस्ता पक्षलाई नेपालमा वैदेशिक लगानी आउन नसक्नुका कारण देखाइएको थियो । हाल विद्युत् सप्लाइ सहज भएको अवस्थामा र श्रम कानुनमा केही सुधार गरिएको अवस्थामा पनि वैदेशिक लगानी कम हुँदै जानुले नेपालले सुधार गर्नुपर्ने अरू पक्ष पनि छन् ।

लगानी सम्मेलन, कूटनीतिक प्रयासहरूले यसको मार्केटिङ पक्षमा ध्यान दिन्छन् भने उपयुक्त लगानी वातावरण निर्माणका लागि धेरै 'हार्वेयर' का कार्य सम्पादन गर्न आवश्यक छ । जसमा नीतिगत स्थिरता, पूर्वाधार, शासकीय सरलता जस्ता पक्ष प्रमुख छन् ।

लगानीकर्ताले सदैव दीर्घकालीन प्रतिफलयुक्त लगानीका क्षेत्र खोजी गरिरहेका हुन्छन् । आज सरकारले लिएको नीति प्रभावकारी वा अप्रभावकारी कस्तो छ भन्ने पक्षसँगै आजभन्दा ३०/४० वर्ष पछिसम्म पनि सरकारले लगानी सम्बन्धमा कस्ता निर्णय गर्न सक्छन् भनेर लगानीकर्ताले ट्रेन्ड विश्लेषण गरिरहेका हुन्छन् । नेपाल सरकारले लागु गरेका कानुन र नीतिगत पक्षहरूले लगानीकर्तालाई हाल कतिसम्म प्रतिफलयुक्त स्पेस दिन सक्छ भनेर लगानीकर्ताले ख्याल गरिरहेका हुन्छन् । सम्बन्धित नीति र कानुनले दिएका सुविधालाई वार्षिक आर्थिक नीतिले कसरी प्रभाव पारिरहेका हुन्छन् भनेर उनीहरूले प्रारम्भिक रूपमा हेर्ने विषय हो । त्यस्तै गरी लगानी, उद्योग र व्यापारसम्बन्धी नीतिहरू, बिचमा रहेको समझदारी वा अभिसरणलाई उनीहरूले ख्याल गरिरहेका हुन्छन् । कर कानुनहरूको प्रावधानमा रहेका फेरबदलको निरन्तरता, राजनीतिक दलहरूको लगानीसम्बन्धी बुझाइ र दीर्घकालीन सोचलाई महत्वका साथ हेरिएको हुन्छ । लगानीकर्ता आउने वा नआउने मुख्य आधार यही हो । हामीले सफ्टवेर पक्षमा गरिएको लगानी सम्मेलन वा कूटनीतिक प्रयासहरूले यी नीतिगत पक्षमा लगानीकर्तालाई विश्वस्त गराउने ढङ्गबाट अघि बढ्न उपयुक्त हुन्छ ।

त्यसै गरी पूर्वाधारका पक्ष, आन्तरिक र बाह्य कनेक्टिभीटी, सर्भिस रोड, इनर्जी इफिसिएन्सी, इनर्जी लागत र यी सबै पक्षहरूबाट तुलनात्मक लाभका क्षेत्रहरू लगानीकर्ताको निर्णयका आधार हुन् । लगानी गर्दा सहजता रहने र बढी प्रतिफल प्राप्त गर्ने मुख्य आधारमा केही न केही तुलनात्मक लाभ भएको क्षेत्रमा लगानी आउने हो । लगानीका हिसाबले विश्व समतल धरातलमा छ, जता सहज हुन्छ लगानी त्यतै बग्छ । आफैँसँग अनुसन्धान संयन्त्रसमेत स्थापना गरेका विदेशी लगानीकर्ताले यी पक्षमा मिहिन विश्लेषण गरेर नै लगानी गर्न आउने हो । यसका साथै बजार सहजता, बजारीकरणका निच क्षेत्रहरू, लजिस्टिक लागत जस्ता पक्षहरूले लगानीका मार्ग प्रशस्त गर्छन् । श्रम कानुनले नो वर्क, नो पे जस्ता प्रावधान राखिदिए पनि सिपयुक्त र जिम्मेवार जनशक्ति निर्माण गर्न सकिएको छैन । आज सहज रूपमा उद्योग चले पनि केही वर्षपछि कुनै पार्टी समर्थक ट्रेड युनियनले हड्ताल गर्दैनन् भनेर विश्वस्त गराउने आधार दिगो राजनीतिक संस्कारबाट निसृत हुन सकेको छैन ।

सरकारले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण, लेभल प्लेइङ फिल्ड जस्ता पक्ष शासकीय पाटोमा पर्छन् । यसका साथै सहज नियमन, आगमन, स्वामित्व हस्तान्तरण र बहिर्गमनका प्रणालीमा रहेका सहजता लगानीकर्ताले पहिलो नजरमा हेर्ने विषय हुन् । उदाहरणका लागि मलेसियामा लगानी स्वीकृति एकैदिनमा हुन्छ भनिन्छ । नेपालको वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा दरखास्त परेको सात दिनभित्र वैदेशिक लगानीको स्वीकृति दिने प्रावधान भए पनि वर्षौं अनिर्णित भएर बसेका निवेदन छन् भन्ने गुनासो सुनिन्छ । प्रक्रिया पूरा गर्न झन्डै ३७ वटा निकाय धाउनुपर्ने अवस्था छ भनिन्छ । एकद्वार प्रणाली, सार्वजनिक निजी साझेदारी एकाइ भनिए पनि प्रभावकारी ढङ्गबाट यसलाई कामयाव बनाउन सकिएको छैन ।

उपर्युक्त पक्षहरूका साथै आन्तरिक लगानीबाट निजी क्षेत्र कति सफल वा असफल छ भनेर महत्वका साथ हेरिन्छ । आन्तरिक लगानीले बजार सम्भावना उजागर गर्ने, लगानी प्रतिफलको अवस्था प्रतिविम्बित गर्ने भएकाले आन्तरिक उद्योगका क्षेत्र, परम्परागत औद्योगिक विरासतको अवस्था पनि सन्तोषजनक हुन आवश्यक हुन्छ । श्रीलङ्का, भियतनाम, बङ्गलादेशमा भएका साना तथा मझौला उद्योगहरूको चम्किलोपनाले विदेशी लगानीकर्तालाई कन्फिडेन्स निर्माणमा सहयोगी भूमिका खेलेका छन् ।

नेपालले नेपालको भूधरातलीय यथार्थता, उत्पादकत्व भएका तुलनात्मक क्षेत्रहरूलाई ख्याल गर्दै उपर्युक्त पक्षमा सरल हस्तक्षेप गर्न आवश्यक छ । सर्वप्रथम लगानीका लागि जनसाङ्ख्यिक लाभको सम्भावनाको अवस्था, राज्यले लिएका समृद्धिका नीति, दिगो विकासका लक्ष्यलाई ख्याल गर्दै लगानी र उद्योगका क्षेत्रमा असल राजनीतिक संस्कार, राजनीतिक ऐक्यबद्धता निर्माण गर्न आवश्यक छ । संसद्बाट नै लगानीसम्बन्धी नीति र कानुनको एकत्रीकरण र सरलीकरण गर्न आवश्यक छ । लगानी सम्मेलनलाई मध्यनजर गरी विदेशी लगानीका लागि बाधक देखिएका केही कानुन सरकारले अध्यादेशमार्फत संशोधन गर्न खोजे पनि यसले दीर्घकालीन विश्वास निर्माण गर्न सक्दैन ।

विश्वासनीय पूर्वाधार निर्माण गरी लजिस्टिक लागत कम गर्ने, नेपालको सक्षमता देखिएको विद्युत् सप्लाइ निरन्तर गर्ने र न्यून मूल्यमा उपलब्ध गराउने नीति लिन आवश्यक छ । लगानीसम्बन्धी नीति र कानुनले दिएका इन्सन्टिभहरूलाई सालवसाली आर्थिक ऐनले फेरबदल गर्न नमिल्ने गरी व्यवस्था गर्न उत्तिकै महत्वपूर्ण देखिन्छ । आगमनलाई सहजीकरण गर्न औद्योगिक प्रवर्धन बोर्ड, उद्योग विभाग र लगानी बोर्डलाई प्रभावकारी बनाउने तथा सर्तसहितको लगानी स्वीकृति शीघ्र ढङ्गबाट प्रदान गर्ने नीति लिन सकिन्छ । एकद्वार प्रणाली, एकलबिन्दु सेवालाई साँच्चै प्रभावकारी बनाउन आवश्यक छ । यसका साथै सरकारले बाह्य विश्वसँग व्यापार र लगानी सम्बन्धमा अनुकूलतम द्विपक्षीय वा बहुपक्षीय सम्झौतालाई प्राथमिकतामा राखी अघि बढ्न आवश्यक छ ।

सिधाकुराका प्रकाशकविरुद्ध मुद्दा दर्ता



झापा(प्रस) । सर्वोच्च अदालतले सिधाकुरा डटकमले '४ सय बढी भ्रष्टाचारका मुद्दा ढिसमिस गराउन सर्वोच्चका न्यायाधीश सहभागी बैठकको स्टीङ अपरेशन, कैलाश सिरोहिया र क्याप्टेन रामेश्वर थापा पनि जोडिए', शीर्षकमा प्रसारण गरेको समाचारले अदालतको अपहेलना भएको भन्दै त्यसका प्रकाशक युवराज कँडेलविरुद्ध प्रतिवेदन निवेदनमार्फत मुद्दा दर्ता गरेको छ।

सर्वोच्चका उप-रजिस्ट्रार गोबिन्दप्रसाद घिमिरेद्वारा दायर अपहेलना मुद्दाको सोमबारका लागि संयुक्त इजलासमा पेसी तोकिएको छ। सिधाकुरा डटकमले सर्वोच्चका वरिष्ठतम् न्यायाधीश आनन्दमोहन भट्टराईसहित, अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष रामेश्वर थापा, कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया, अन्नपूर्ण पोस्टका विशेष संवाददाता सुरेन्द्र काफ्ले, वरिष्ठ अधिवक्ताद्वय हरि उप्रेती र किशोर विष्टको नाम जोडेर कीर्ते अडियो बनाई तथ्यहीन सामग्री प्रसारण गरेको थियो। त्यसको न्यायिक र कानुनी क्षेत्रबाट तीव्र विरोध हुँदै आएको छ।

न्यायको धरोहरको प्रतिष्ठामा आघात पर्ने गरी आधारहीन ढंगबाट वरिष्ठतम् न्यायाधीश समेतलाई मुछेर समाचार सामग्री आएको विषयको गम्भीरतालाई ध्यान दिएर आज सर्वोच्चका सम्पूर्ण न्यायाधीशको बैठक (फुल कोर्ट) बसेको थियो। त्यसलगत्तै सर्वोच्चले प्रतिवेदन निवेदनका आधारमा मुद्दा दायर गरेको हो। र, उच्च प्राथमिकतामा राखेर पेसी तोकिएको हो।

वरिष्ठतम् न्यायाधीश, कानुन व्यवसायी, सञ्चार व्यवसायी र सञ्चारकर्मीमाथि अतिरञ्जित लाञ्छना लगाइएको समाचारलाई लिएर न्यायाधीश समाज नेपाल, नेपाल बार एशोसिएसन, सर्वोच्च बारलगायतले आपत्ति जनाएका छन्।

यसअघि तथ्यगत आधार र प्रमाणबिनै व्यक्ति र सम्मानित संस्थाको मर्यादा, प्रतिष्ठामा आँच आउने समाचार सामग्री प्रसारण गर्नु आचारसंहिताको गम्भीर उल्लंघन र प्रेस स्वतन्त्रताको चरम दुरुपयोग भन्दै भ्रामक अडियो हटाउन प्रेस काउन्सिल नेपालले कडा निर्देशन दिएको थियो। सिधाकुरा डटकमले त्यसलाई अस्वीकार गरेको थियो। काउन्सिलले सोमबार नै उक्त अनलाइनका सम्पादक, कार्यक्रम प्रस्तोता / सञ्चालकलाई आधार/प्रमाणसहित उपस्थित हुन पत्राचार गरेको छ।

रेडक्रस अनियमितता प्रकरण छानबिन गर्न समिति गठन

झापा(प्रस) ।नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयमा भएको भनिएको नीतिगत तथा आर्थिक भ्रष्टाचार छानबिन गर्न पाँच सदस्यीय समिति गठन गरिएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट आइतबार समाज कल्याण परिषद्का कार्यसमिति सदस्यको संयोजकत्वमा समिति गठन गरिएको हो । छानबिन समितिमा परिषद्को अनुगमन विभाग प्रमुख, प्रशासन विभाग प्रमुख, कानुनी सल्लाहकार र चार्टर एकाउन्टेन्ट रहेका छन् ।

रेडक्रसमा नीतिगत तथा आर्थिक भ्रष्टाचार भएको विषय छानबिन गरी दोषीउपर कारबाही माग गर्दै उजुरीहरु परेको भन्दै त्यस सम्बन्धमा सत्य-तथ्य छानबिन गर्न समिति गठन गरिएको परिषद्का कामु निर्देशक दुर्गाप्रसाद भट्टराईले रेडक्रस कार्यालयलाई आइतबार गरेको पत्राचारमा उल्लेख छ ।

नीतिगत तथा आर्थिक भ्रष्टाचार विरुद्धका उजुरीउपर सत्य-तथ्य पत्ता लगाएर ४५ दिनभित्र सिफारिस सहितको प्रतिवेदन पेस गर्न समितिलाई कार्यादेश दिइएको छ । छानबिन समितिको प्रतिवेदन प्राप्त नभएसम्मका लागि दैनिक प्रशासनिकसम्बन्धी कार्य र आपतकालीन कार्यक्रमबाहेक संस्थालाई दीर्घकालीन असर पर्ने प्रकृतिका कार्यहरु नगर्नु/नगराउन रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयलाई निर्देशन दिइएको छ ।

आइतबार महिला मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई समेत बोधार्थ लेखी रेडक्रस केन्द्रीय कार्यालयलाई परिषद्ले पठाएको पत्रमा भनिएको छ, 'संस्थालाई दीर्घकालीन असर पर्ने प्रकृतिका कार्यहरु नगर्नु/नगराउन हुन निर्णायानुसार जानकारी गराइन्छ ।'

धनकुटाका विभिन्न ठाउँमा आगलागी

धनकुटा(प्रस) । धनकुटामा तीन वटा आगलागीका घटनामा लाखौंको क्षति पुगेको छ । घटनामा एक घरमा आगो लाग्दा त्यहाँ सञ्चालन गरिएका होटल तथा पसलमा क्षति पुगको छ । यस्तै दुई वटा सामुदायिक वनमा डढेलो लाग्दा महत्वपूर्ण वनसम्पदा तथा खानेपानीको पाइपमा क्षति पुगेको छ ।

धनकुटाको पाख्रिबास नगरपालिका ४ मा भएको आगलागीबाट घटनामा होटल तथा पसलमा क्षति पुगेको छ । स्थानीय मिरा कार्की बस्नेतको घर पूर्णरुपमा क्षति भएको छ । उक्त घरमा भोजपुरको अरुण गाउँपालिका ७ का लिलाहाङ राईले सञ्चालन गर्दै आएको होटल तथा रोशनी श्रेष्ठको किराना पसलका सम्पूर्ण सामान जलेर क्षति भएको जिल्ला प्रहरी प्रमुख श्यामसिंह चौधरीले बताए ।

घटनामा करिब १० लाख बराबरको क्षति पुगेको छ । होटल सञ्चालक राईले तरकारी पकाउने क्रममा कराईको तेलबाट आगो सल्किएको जनाइएको छ । धनकुटा नगरपालिकाको दुई वटा दमकलसहित सेना, प्रहरी तथा स्थानीयवासीको मद्दतबाट आगो

❖ बाँकी अन्तिम पृष्ठमा

वेस्ट इन्डिजले नेपाललाई १० रनले हरायो

झापा(प्रस) । नेपाललाई वेस्ट इन्डिज 'ए'ले १० रनले पराजित गरेको छ। आइतबार त्रिवि क्रिकेट मैदानमा टस जितेर नेपालविरुद्ध ब्याटिङ गरेको वेस्ट इन्डिज 'ए'ले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १०६ रनको योगफल तयार पारेको थियो। जवाफी ब्याटिङ गर्ने क्रममा नेपालले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १५० रन मात्र बनाउन सके। नेपालका लागि कप्तान रोहित पौडेलले सर्वाधिक ७१ रन बनाए। त्यसैगरी गुलशन झाले २६ रन, लोकेश बमले १७ रन,आरिफ शेखले १२ रनको योगदान गरे। अन्य खेलाडिले उल्लेख्य प्रदर्शन गर्न सकेनन्।

वेस्ट इन्डिजका ओबेद म्याककोय र गुडाकेश मोतीले २/२ विकेट,ओसेन थोमस र रोस्टन चेजले १/१ विकेट लिए। त्यस अगाडि वेस्ट इन्डिज 'ए'का ०६ रनको योगफल बनाउँदा आन्द्रे फ्लेचरले सर्वाधिक ४३ रन बनाएका थिए। कप्तान रोस्टन चेजले २३ रन जोडे भने अन्य खेलाडीले उल्लेख्य प्रदर्शन गर्न सकेनन्। नेपालका लागि सागर ढकाल र कुशल भुर्तेलले २/२,सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले १/१ विकेट लिए।

आइसिसी टि-ट्वान्टी विश्वकप २०२४ को तयारी स्वरुप नेपालले वेस्ट इन्डिजको ' ए'टोलीसँग खेलेको हो। शनिबार नेपालले वेस्ट इन्डिज ' ए'लाई ४ विकेटले हराएको थियो। नेपाल र वेस्टइन्डिज ' ए'बीचको तेस्रो खेल वैशाख १९ गते, चौथो खेल वैशाख २० गते र पाँचौं तथा अन्तिम खेल वैशाख २२ गते हुनेछ। घरेलु मैदानमा पाँच खेल खेलिसकेपछि नेपाली टोली वेस्ट इन्डिज प्रस्थान गर्ने तालिका रहेको क्यानले जनाएको छ।

बिर्तामोडको जितमा आशिष चापागाईँको ह्याट्रिक

बुद्धशान्ति(प्रस) । झापाको बुद्धशान्तिमा जारी तेस्रो आदर्श च्यालेञ्ज कपको दोस्रो दिनको खेलमा नर्थ बंगाल फुटबल क्लब भारतलाई ३-१ गोल अन्तरले हराउँदै बिर्तामोड युनाइटेड एफसी सेमिफाइनलमा प्रवेश गरेको छ । बिर्तामोडको जितमा आशिष चापागाईँले ह्याट्रिक गरेका थिए ।

पहिलो हाफको इन्ज्युरी समयमा गोल गर्दै बिर्तामोड युनाइटेडले अग्रता लियो । मैदानको मध्यभागबाट बिर्तामोडका डिफेन्डर देबेन्द्र तामाङले गरेको फ्रि किकलाई हेडमार्फत अभिषेक गुरुङले नर्थ बंगालको पोष्टमा प्रहार गरेका थिए । उनको प्रहार गोलरक्षक राकेश सिंहको हातबाट फुत्किएको मौका पारी बिर्तामोडका छरिता स्ट्राइकर आशिष चापागाईँले गोल गरे ।

बिर्तामोडको अग्रता धेरैबेर टिकेन । दोस्रो हाफको दोस्रो मिनेटमा नर्थ बंगालले बराबरी गोल गरेको थियो । मोहम्मद राहुलको क्रस पासमा डि बक्समा अनमार्क रहेका हेमराज भुजेलले हेडमार्फत सुन्दर गोल गरे । खेलको २२ औं मिनेटमा आशिषले खेलको ३६ औं मिनेटमा नर्थ बंगालका राहुल बासुमत्रीले बिर्तामोडकमा आशिष चापागाईँलाई डि बक्समा फल गरेपछि बिर्तामोडले पेनाल्टी पाएको थियो । बिर्तामोडका लागि आशिषले नै पेनाल्टीमार्फत गोल गर्दै अग्रता दोब्बर बनाएका थिए । बिर्तामोडका लागि खेलको इन्जुरी समयमा आशिषले नै अर्को गोल थपे । बिपक्षी गोलरक्षक अगाडि बढेको समयमा गरेको उनको भली प्रहार गोल भएको थियो ।

खेलको २२ औं मिनेटमा आशिषले गरेको फ्रिकिक प्रहार पोष्टको नजिकैबाट बाहिरियो । खेलको अतिरिक्त समयमा योगेश गुरुङले गरेको प्रहार क्रस बारमा लागेर फर्कियो ।

नर्थ बंगालका कविर लामाले खेलको ३२ औं मिनेटमा प्रहार गरेको फ्रिकिक क्रस बारमा लागेर फर्कियो । ५६ औं मिनेटमा मोहमद राहुलले वान टु वानको स्थितिमा गोल गर्न सकेनन् । खेलको प्लेयर अफ द म्याच बिर्तामोड युनाइटेड एफसीका आशिष चापागाईँ भए । उनले नगद तीन हजार रुपैयाँ पुरस्कार पाए । सोमवारको अर्को क्वाटरफाइनल खेल मानेभन्ज्याङ एफसी भारत र धरान फुटबल क्लब सुनसरीबिच हुने आयोजक समितिका मिडिया संयोजक सुरज दंगालले जानकारी दिए ।

साइबर क्राइमसम्बन्धी सचेतना कार्यक्रम

झापा(प्रस) । झापाको शिवसताक्षी नगरपालिकामा सामाजिक सञ्जालको प्रयोग र साइबर क्राइमसम्बन्धी दुईदिने सचेतना कार्यक्रम शुरु भएको छ ।

पूर्व न्युज मिडिया प्रालिको सहजीकरण तथा शिवसताक्षी नगरपालिका महिलासँग उपमेयर कार्यक्रमअन्तर्गत विद्यार्थीहरुलाई तालिम दिइएको हो । शिवसताक्षी नगरभरिका माध्यमिक तहका विद्यार्थी सहभागी तालिमको उद्घाटन कार्यक्रममा नगरपालिकाका प्रमुख मेगाहाङ थोप्रा रोशनले सामाजिक सञ्जालको सही प्रयोगले सकारात्मक प्रभाव पर्ने भएपनि गलत प्रयोगले बिकृति बढाउने उल्लेख गरे । उनले विद्यार्थीलाई सञ्जालको सदुपयोग गर्न सुझाव दिए ।

इलाकामा प्रहरी कार्यालय दमकका डीएसपी निशान थापा मगरले इन्टरनेटको गलत प्रयोगले अपराध हुने गरेको बताउँदै सचेत भएर चलाउन आग्रह गरे । शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्कीले साइबर अपराध अहिले प्रविधिको गलत प्रयोगबाट भइरहेको र त्यसको न्यूनीकरणमा विद्यार्थीको भूमिका महत्वपूर्ण हुने बताइन् । तालिममा इलाका प्रहरी कार्यालय दमकका डीएसपी निशान थापा मगर र अधिवक्ता कविता शर्माले सहजकर्ता रहेका छन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

वृष आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

मिथुन धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

कर्कट आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

सिंह सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

कन्या रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

तुला आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

वृश्चिक हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

धनु आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

मकर आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

कुम्भ आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

मिन आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।